# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या ५, मिति २०८२ कार्तिक १८ गते


**भाग-२**

## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली आधारभूत अस्पताल स्थापना र संचालन कार्यविधि २०८२

**प्रस्तावनाः**

नेपालको संविधानले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा परिभाषा गरे बमोजिम सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुरक्षित गर्न, कुनै पनि नागरिकले आकस्मिक स्वास्थ्य सेवा नपाएर ज्यान गुमाउनु नपरोस भन्ने ध्येयका साथ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ३ अनुसार बौदीकाली गाउँ कार्यपालिका बैठकबाट **बौदीकाली आधारभूत अस्पताल स्थापना र संचालन कार्यविधि, २०८१** पारित गरी लागू गरिने छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "**बौदीकाली आधारभूत अस्पताल स्थापना र सञ्चालन कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि बौदीकाली गाउँपालिका भित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(१) अस्पताल भन्नाले रोगवाट ग्रसित व्यक्तिको रोगको निदान उपचार र आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित १५ शैयाको बौदीकाली आधारभूत अस्पताल बुझिन्छ ।
(२) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।
(३) संचालक समिति भन्नाले यसै कार्यविधि अनुसार गठन भएको अस्पताल संचालक समिति सम्झनुपर्दछ ।

(४) भवन संहिता भन्नाले भवन ऐन २०५५ को दफा ३ को उपदफा २ बमोजिम नेपाल सरकारवाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनुपर्दछ ।

(५) बौदीकाली गाउँपालिका भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।
(६) कार्यपालिका भन्नाले बौदीकाली गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।
(७) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।
(८) अधिकृत भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।
(९) अस्पताल प्रमुख भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये सबैभन्दा जेष्ठ कर्मचारी वा बौदीकाली गाउँपालिकाको गाउँ कार्यपालिकाले तोके बमोजिमको कर्मचारीलाई सम्झनुपर्छ |
(९) फोहर मैला भन्नाले अस्पतालजन्य वा अस्पतालवाट निस्कने फोहरलाई सम्झनुपर्दछ ।

**३. अस्पतालको स्थापना**

(१) यस बौदीकाली गाउँपालिकाभित्रका आम जनसमुदायहरुको अस्पतालले दिने रोगको निदान, उपचार सेवा र अन्य स्वास्थ्य सेवा घर आगनमा सर्वसुलभ र गुणस्तरीय रुपमा प्रदान गरी सबै नागरिकको स्वस्थ जीवनयापनमा सघाउन गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल स्थापना गरिने छ ।

(२) यो अस्पताल बौदीकाली गाउँपालिका डेढगाउँ निर्माण भएको १५ शैयाको अस्पताल भवनमा संचालन हुनेछ ।

**४. अस्पताल संचालन-**

(१) प्रचलित कानुनको अधीनमा रही १५ शैया अस्पताल संचालनको लागि कार्यपालिकाले निर्णय गरी अस्पताल संचालन गरिनेछ ।

(२) अस्पतालले आफ्नो अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहाय बमोजिमका स्वास्थ्य सेवाको संचालन गर्नेछ ।

क. आकस्मिक सेवा,

ख. बहिरंङ्ग सेवा,

ग. अन्तरंग सेवा,

घ. सामान्य शल्यक्रिया सेवा,

ङ. फार्मेसी सेवा,

च. निदानात्मक सेवा (प्रयोगशाला रेडियोग्राफ इमेजिङ्ग)

छ. प्रवर्धनात्मक तथा प्रतिकारात्मक सेवा,

ज. बल्ड बैंक सम्बन्धी सेवा,

झ. शवगृह व्यवस्थापन,

ञ. स्वास्थ्य विमा सेवा

ट. प्रसुती सेवा

ठ. एम्बुलेन्स सेवा

**५. गुणस्तर सुनिश्चितता सम्वन्धी मापदण्ड**

(१) अस्पतालले दफा ४ बमोजिमको स्वास्थ्य सेवा संचालन गर्दा देहायको गुणस्तर सुनिस्चितता गर्नुको साथै उल्लेखित मापदण्डको पालना गर्नु पर्नेछ ।

क. बहिरंङ्ग सेवा लिने आउने विरामीको चापको आधारमा विरामी दर्ता, बिशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र फार्मेसी सेवा छिटो छरितो दिने व्यवस्था मिलाउनु पर्नेछ ।

ख. अस्पतालले बिभिन्न बिभागहरुवाट दिने सेवाहरु स्तरीय रुपमा संचालन गर्न कार्य संचालन निर्देशिका तयार गरी लागु गर्नुं पर्नेछ ।

ग. अस्पतालले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था गर्नुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

घ. अस्पतालले बिशेषज्ञ चिकित्सक र अन्य चिकित्सकहरुको सेवा दिने समय तालिका दिन, बार स्पष्ट खुल्ने गरी सबैले देख्ने ठाउमा राखिएको हुनुपर्नेछ ।

ङ. अस्पतालले तोकिएको सेवा तोकिएको संबन्धित विशेषज्ञ चिकित्सक वा स्वास्थ्यकर्मी कर्मचारीवाट सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

च. अस्पतालमा आउने सेवाग्राहीलाई सहज रुपमा सेवा दिन सेवालाई व्यवस्थित गर्न एक सोधपुछ/सहायता कक्ष स्थापना गरिनेछ ।

छ. अस्पतालको क्षेत्र वरिपरि र सबै विभागहरु नियमित रुपमा सफा सुग्घर राखेको हुनुपर्नेछ ।

ज. अस्पताल परिसरमा सबैले देखे ठाउमा उजुरी पेटिका, सेवाग्राही वडापत्र र सुचना अधिकारीको फोटो, फोन नंम्बर सहित राख्नुपर्ने छ । आएका उजुरी, जनगुनासो सुन्ने अधिकारी तोकी सो

उजुरी जनगुनासो समाधान गर्न व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसकेमा कारण सहित सम्बन्धित व्यक्तिलाई जानकारी गराउनुपर्नेछ ।

झ. अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुको सेवा शर्त सम्बन्धी नियम वनाई कार्यान्वयन गर्नुपर्नेछ ।

ञ बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार गर्ने पद्धतिवारे जानकारी दिई सेवा दिने व्यवस्था गर्नुपर्नेछ ।

ट अस्पतालले चौविसै घण्टा चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्था कार्यतालिका बिभाजन गरी आकस्मिक शैया क्षमता र बिरामीको चापको आधारमा चिकित्सक स्वास्थ्यकर्मी परिचालन गर्नु पर्नेछ ।

ठ. आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषा भएको हुनुपर्नेछ ।

ड. अस्पतालमा उपचाारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कुल शैयाको केहि प्रतिशत शैया छुटयाई निशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

ढ. उपलब्ध गराइएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सो को प्रतिवेदन नियमित रुपमा बुझाउनुपर्नेछ ।

त. अस्पतालले विपद व्यवस्थापन कार्ययोजना बनाएको हुनुपर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिस्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ ।

**६.गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था**

(१) अस्पतालले आफुले प्रदान गरेको सेवाहरु यस कार्यबिधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्वन्धमा प्रत्येक बर्ष परीक्षण स्वमुल्याङ्कन गराई सो को प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँ कार्यपालिकामा प्रचलित कानुनले तोके बमोजिमको ढाँचामा अनिबार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) दफा ६ को उपदफा १ बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यबिधि बमोजिम निरिक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगरेमा, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पुर्वाधार मापदण्ड पुरा नगरेमा र गुणस्तर परीक्षणको बार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताल प्रशासनलाई गाउँ कार्यपालिकाले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) अस्पताललाई कारबाही गर्नु पुर्व अस्पताललाई मनासिब माफिकको सफाई पेश गर्न मौका दिईनेछ ।

(५) यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएता पनि अन्य प्रचलित कानुन बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले रोक्ने छैन ।

**७.अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्डहरुः**

(१) अस्पतालले सेवा संचालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्दछ ।

क. अस्पताल रहने स्थान धुवा धुलो ध्वनी जल तथा जमिन प्रदुषणबाट मुक्त भएको हुनुपर्दछ ।

ख. अस्पताल स्थापना हुने स्थानमा सडक यातायातको सहज पहुँच हुनुपर्नेछ ।

ग. पानी, बिजुली, संचार र इन्टरनेट सेवाको चौबिसै घण्टा उपलब्ध भएको हुनुपर्नेछ।

घ. अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको हुनुपर्नेछ ।

ङ. सवारी साधन पार्किङ्गका लागि पर्याप्त ठाउँ भएको हुनुपर्नेछ ।

च. अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्था भएको हुनुपर्नेछ ।

छ. अस्पताल परिसरभित्र प्रतीक्षालयको व्यवस्था संगै स्वास्थ्य शिक्षा प्रसार गर्न टेलिभिजनको व्यवस्था भएको हुनुपर्नेछ ।

ज. जोखिमपूर्ण फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त प्रबिधि व्यवस्था गर्नुका साथै फोहोरमैला व्यवस्थापन ऐन २०६८,फोहोरमैला व्यवस्थापन नियमावली २०७० बमोजिम फोहोर व्यवस्थापनका लागि आबश्यक पूर्वाधार व्यवस्था मिलाएको हुनुपर्दछ ।

(२) आकस्मिक सेवाको लागि देहाय बमोजिमका पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

क. कुल शैया क्षमताको कम्तिमा पन्ध्र प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनुपर्नेछ । आकस्मिक सेवाका लागि छुट्याइएको शैयालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ ।

(१) Red (R) अति सिकिस्त विरामीको सेवा दिने शैया वरावर एक प्रतिशत ।

(२) Yello (Y) सिकिस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत ।

(३) Green (G) सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत ।

(४) Black(B) मृत्यु भइसकेका बिरामीलाई राख्ने शैया बराबर एक प्रतिशत ।

(५) Observation Room/Bed बराबर तीन प्रतिशत ।

ख. आकस्मिक कक्षा संचालन गर्दा Ultrasound, X-ray, Lab room, OPD, IPD, OT कक्ष तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने ( व्हिलचेर/ट्रली/स्टेचर) गरी संचालनमा ल्याएको हुनु पर्नेछ ।

ग. आकस्मिक कक्षमा प्रतिक्षालय ट्रायज (Triage Room) ,चेन्जिङ रुम, Medico-legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनुपनर्नेछ ।

घ. चौबिसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ङ. अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबिसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुने गरी व्यवस्था मिलाएको हुनुपर्नेछ ।

च. प्रकोपजन्य रोगहरु प्राकृतिक प्रकोप जस्ता पक्षलाई बिचार गरी आकस्मिक उपचार सेवाका लागि अस्पतालले विपद व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ ।

छ. आकस्मिक सेवामा काम गर्ने जनशक्तिले कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance cardiac life Support (ACLS)/Advance Life Support (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनुपर्नेछ ।

(३) बहिरङ्ग बिभागकालागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

क. अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाको लागि ओपिडि कक्षको व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ख. अस्पतालमा सामान्यतया सामान्य चिकित्सा र स्त्री तथा प्रसुती सेवा हुनुपर्नेछ । अन्य सेवा पूर्वाधार खडा गरी अन्य विशेषज्ञ सेवा आबश्यकता अनुसार स्वेच्छिक रुपमा संचालन गर्न सकिनेछ।

(४) अन्तरङ्ग बिभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

क. नर्सिङ्ग डयुटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ ।

(५) एलाईड हेल्थ एण्ड निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

क. प्रत्येक किसिमको परिक्षणका लागि राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्नेछ ।

ख. एक्सरे सेवा प्रदान गर्दा विकिरणले पर्ने असर सावधानी अपनाउने विशेष समुहलाई खतराको संकेत दिई सावधानी सेवा प्रदायक र सेवाग्राहीले अपनाउनु पर्दछ ।

(६) अस्पतालको पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य ,परिवार नियोजन, क्षयरोग, कुष्ठरोग जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलव्ध हुनु पर्नेछ ।

(७) औषधी पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

क. अस्पताल हाता भित्र एक सुलभ फार्मेसी पसल अस्पतालले संचालन गर्नेछ ।

ख. चौबिसै घण्टा फार्मेसी संचालनका लागि फार्मेसी बिषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

ग. फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशिल औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा हुनुपर्नेछ ।

घ. उपचारमा प्रयोग गरिने लागु औषधीहरु (Narcotic drugs) लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।

ङ. म्याद नाघेका औषधीहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा बिश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

च. आकस्मिक सेवाकालागि चाहिने आवश्यक औषधीहरु चौविसै घण्टा उपलव्ध हुने व्यवस्था हुनुपर्नेछ ।

छ. अस्पतालले वाह्य व्यक्ति वा संस्थालाई फार्मेशी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेखित सम्पूर्ण शर्तहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ज. औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

झ. भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधी पसल संचालन हुने भवन निर्माण भएको हुनुपर्नेछ ।

(८) रक्त संचार सेवा देहाय बमोजिमको पुर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछ

क) अस्पताल हातामा ब्लड बैकको व्यवस्था भएको हुनुपर्ने र सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी ब्यवस्था मिलाएको हुनु पर्नेछ ।

ख) ब्लड बैकको संम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्नेछ ।

(९) अस्पताल व्यवस्थापन देहाय बमोजिमको पूर्बाधार सम्वन्धी मापडण्ड पुरा गरेको हुनु पर्नेछ ।

क. सोधपुछ तथा गुनासो सुनुवाई कक्ष

(१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुध कक्षको व्यवस्था हुनुपर्नेछ ।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाई गर्न उचित प्रवन्ध मिलाएको हुनुपर्नेछ ।

ख. सूचनाको संप्रेषण

(१) अस्पतालभित्र प्रभावकारी सूचना संप्रेषणका लागि आवश्यक आन्तरिक टेलीफोन कलको व्यवस्थाको साथै आवश्यक आधुनिक संयन्त्रको प्रयोग हुनुपर्नेछ ।

(२) अस्पतालमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्नेछ ।

(३) प्रहरी, एम्वुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नंम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

ग. पानी वितरण

(१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानीको आपूर्ति हुनुपर्नेछ ।

घ. विद्युत आपूर्ति

(१) अस्पताल क्षेत्र भित्र र सबै बिभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै लोडसेडिङ्गको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याकप सिस्टम स्थापना गरेको हुनुपर्नेछ ।

(२) अन्य इमर्जेन्सी कक्ष र संवेदनशील कक्षहरुमा आपतकालिन विद्युत व्याक अप सिस्टम राखेको हुनुपर्नेछ ।

ङ. सरसफाई तथा शौचालय सम्बन्धी व्यवस्था

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधै सफा राख्नुपर्नेछ ।

(२) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि प्रयाप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(३) शौचालय सधै सफा राखेको हुनुपर्नेछ ।

(५) मर्मत संम्भार सम्बन्धी व्यवस्था

क. अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ । साथै ठूला र गंभिर प्रकृतिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत संभार कार्ययोजना बनाई सोही अनुरुप मर्मत गरेको हुनुपर्नेछ ।

ख. अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(६) बिरामी कुरुवा लाई सुविधा

अस्पतालको बार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई वस्न सक्ने प्रवन्ध हुनुपर्नेछ ।

(७) क्यान्टीन सुविधा

अस्पताल हाताभित्र, खाना पकाउन र खाना खाने अलग अलग ठाँउ सहितको सफा र सुविधायुक्त क्यान्टीनको व्यवस्था भएको हुनुपर्नेछ ।

**(८) लन्ड्रीको व्यवस्था**

क. अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया खाले रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था हुनुपर्नेछ ।

ख. अस्पतालमा भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनुपर्नेछ ।

**(९) भण्डार व्यवस्था**

क. आपतकालिन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनुपर्नेछ । यस्तो भण्डारण कक्षमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

ख. अस्पतालको लागि लत्ताकपडा, सरसफाई सामग्री, औजार उपकरण तथा औषधीको न्युनतम मौज्दात रहनुपर्ने र सो सामाग्रीको उपयुक्त भण्डारणको (Refrigerator, Ventilation, A/C) आदि व्यवस्था गरेको हुनुपर्नेछ ।

**(१०) सुरक्षा व्यवस्था**

क. अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ ।

ख. आपतकालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसंग संमन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

**(११) एम्बुलेन्स संचालन-**

अस्पतालमा मेडिकल एटेन्डेन्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेन्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलन्स सेवा संचालन नीति २०६० बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ। ।

**(१२) स्थान तथा जग्गा पूर्वाधार**

क. अस्पताल रहने स्थान- अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदुषणमुक्त क्षेत्रको छनौट गर्नु पर्नेछ ।

ख. अस्पताल संचालनको लागि आफ्नौ स्वामित्वको पर्याप्त जमिन हुनुपर्नेछ ।

**(१४) अस्पतालको भवन**

क. अस्पताल सेवा संचालन गरिने भवनको नक्सा र डिजाइन भवन आचारसंहिता मापदण्डमा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनुपर्नेछ ।

ख. अस्पतालले भवन आफ्नै स्वामित्वमा रहेको जमिनमा हुनुपर्नेछ ।

ग. भवनमा सर्वसाधारणको जानकारीको लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु एपयुक्त स्थानमा प्रष्ट देखिने गरी राखिएको हुनुपर्नेछ ।

घ. अस्पतालमा कोठाहरु उपयुक्त भेन्टिलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनुपर्नेछ ।

ङ. अस्पतालमा प्रशासनिक कार्यालय, ओ पी डी प्रयोगशाला, वार्ड, फार्मेसी, क्यानटिनको व्यवस्था हुनुपर्नेछ ।

च. अस्पतालमा ब्हिलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्थाका भएको हुनुपर्नेछ ।

छ. प्रतिक्षालयमा आवश्यकता अनुसार वस्ने कुर्सीको व्यवस्था हुनुपर्नेछ र सुचना पाटी, टेलीभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सुचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ज. बिरामीको चापको अनुपातमा र सुबिधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ ।

झ. आपतकालीन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्ष र अन्य आबश्यक ठाउँमा सहज रुपमा जान सक्ने गरी बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ ।

ञ. अस्पतालभित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग अलग प्रवेशद्वार र बार्हिगमनद्वार हुनुपर्नेछ ।

ट. सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स, दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

ड. अस्पताल जेष्ठ नागरिक,बालबालिका तथा अपाङ्गमैत्री हुनुपर्नेछ ।

ढ. व्हिलचेर,ट्रली,स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्नेछ र यस्ता सामाग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाउँ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

**(१५) फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनुपर्नेछ।**

क. अस्पतालबाट निस्काशित फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन ऐन २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली २०७० ले तोके वमोजिम हुनुपर्नेछ ।

ख. अस्पतालबाट निष्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहोरमैला प्रकृति अनुसार श्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा बिसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

ग. अस्पतालबाट सिर्जित संक्रमणजन्य फोहोरलाई निसंक्रमित गरेर अन्तिम व्यवस्थापन गर्नुपर्नेछ ।

**(१६) कार्यपालिकाले निर्णय गरी न्यूनतम निशुल्क सेवा सञ्चालन गर्न सक्नेछ।**

(१) कर्मचारी हप्ताको ४० घण्टा भन्दा बढी काम गरेको खण्डमा अतिरिक्त सेवा भत्ता दिइने छ।

(२) कर्मचारी विदा नेपाल सरकारको स्वास्थ्य ऐन बमोजिम हुनेछ।

(३). जनशक्ति सम्बन्धी बिस्तृत बिबरणः अस्पतालले देहायमा उल्लेखित जनशक्ति भन्दा कम नहुने गरी जनशक्तिको व्यवस्थापन गर्नेछ।

| क.सं | सेवा,समुह | पद,नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य विशेषज्ञ | एम डि जि पी | १ | |
| २ | स्वास्थ्य जनरल हेल्थ सर्भिसेज | मेडिकल अधिकृत,एम बि बि एस | २ | |
| ३ | स्वास्थ्य हेल्थ इन्स्पेक्शन | हे.अ/ अ.हे.व | ४ | |
| ४ | स्वास्थ्य/जनरल नर्सिङ चौथो/पाँचौ/छैठौ | स्टाफ नर्स / अ.न.मी | ६ | |
| ५ | स्वास्थ्य/मेडिकल ल्याव टेक्नोलोजी | ल्याव टेक्निसियन | १ | |
| ६ | स्वास्थ्य/मेडिकल ल्याव टेक्नोलोजी | ल्याव असिष्टेन्ट | १ | |
| ७ | स्वास्थ्य/रेडियोग्राफी | रेडियोग्राफर/डार्करुम असिष्टेन्ट | २ | |
| ८ | स्वास्थ्य/फार्मेसी | फार्मासिष्ट सहायक | २ | |
| ९ | डेण्टिष्ट्रि | डेण्टल हाईजिनिष्ट | १ | |
| १० | स्वास्थ्य /विविध | एनेस्थेटिक सहायक | १ | |
| ११ | स्वास्थ्य /विविध | अप्थाल्मिक सहायक | १ | |
| १२ | स्वास्थ्य /आयुर्वेद | कविराज(आयुर्वेद सहायक) | १ | |
| १३ | स्वास्थ्य /मेडिकल रेकर्डस | मेडिकल रेकर्डर | १ | |
| १४ | लेखा प्रशासन/चौथो/पाँचौ | लेखापाल | १ | |
| १५ | सामान्य प्रशासन/चौथो/पाँचौ | रिसेप्सनिष्ट | २ | |
| १६ | प्रशासन/चौथो/पाँचौ | स्टोरकिपर | १ | |
| १७ | प्रशासन/श्रेणीबिहिन | कार्यालय सहयोगी/सुरक्षा गार्ड | ६ | |
| १८ | प्रशासन/श्रेणीबिहिन | सरसफाईकर्मी | ३ | |
| १९ | प्रशासन/श्रेणीबिहिन | ह्लका सवारी चालक | १ | |
| | कुल जम्मा | | ३८ | |

(१) १५ शैया अस्पताल सञ्चालनकोलागि आबश्यक औजार तथा उपकरण प्रचलित संघीय तथा प्रदेश कानुनमा उल्लेख भए बमोजिम हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नेछ ।

**१८.अस्पताल विकास कोषः**

(१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहेनछ|

(२) कोषको सञ्चालन अस्पताल संचालक समितिले तोके बमोजिम हुनेछ ।

(३) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ ।

क संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

ख अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

ग स्वदेशी व्यक्ति,संघ,संस्था वा निकायबाट प्राप्त रकम,

घ विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

ङ. अस्पतालमा प्राप्त हुने नगद आम्दानी ।

च. अन्य स्रोतबाट प्राप्त रकम ।

(४) समितिले उपदफा (३) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(५) अस्पतालको तर्फबाट गरिने सम्पुर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) अस्पतालको कोषमा रहेको रकम नेपाल भित्रको कुनै पनि बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(७) अस्पताल कोषको संञ्चालन अस्पताल सञ्चालक समितिको संचालक समितिले निर्णय गरी तोकेका २ जना पदाधिकारी वा कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(८) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम उपदफा (१) बमोजिमको कोषबाट खर्च हुनेगरी हुनेछ|

**(१९) अस्पताल फार्मेसी सम्बन्धी व्यवस्था**

१. अस्पतालमा औषधीको उपलब्धताको लागि अस्पतालकै ब्यवस्थापन अन्तर्गत चौविसै घण्टा सञ्चालनमा रहने गरी एक फार्मेसी स्थापना हुनेछ ।

२. फार्मेसीमा रहने कर्मचारीको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

३. औषधीको खरिद, बिक्री, जिन्सी मौज्दात व्यवस्थापन लगायतका कार्यहरुको लागि सफ्टवेयरको व्यवस्था गरिनेछ। औषधीको गुणस्तर, उपभोग्य मिति, उपलब्ध परिमाण लगायतको जानकारी सहित फार्मेसी सम्बन्धी समग्र जिन्सी व्यवस्थापनको जिम्मा फार्मेसी हेर्ने कर्मचारीको हुनेछ।

४. अस्पतालले निः शुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गाउँपालिकाको स्वास्थ्य शाखाले गर्नुपर्नेछ | अस्पतालको बीमा फार्मेसी र शः शुल्क फार्मेसी संचालनको लागि आवश्यक पर्ने औषधि खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया प्रचलित कानून बमोजिम अस्पताल व्यवस्थापन समितिले गर्नेछ|

५. फार्मेसीको आर्थिक कारोवारको लागि अस्पताल विकास समितिका सदस्य सचिव र अस्पतालको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैंक खाता खोलिनेछ। साथै प्रचलित खरीद सम्बन्धी कानूनको पालना गरिनेछ।

६. फार्मेसी सञ्चालन र यसको कोष सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(१९) **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नुपर्नेः** अस्पतालले संघीय वा प्रदेश सरकार तथा स्थानीय तहबाट जुन कामको लागि रकम प्राप्त भएको छ सोही काममा मात्र खर्च गर्नुपर्नेछ।

(२०) **लेखा र लेखा परीक्षण :**

(१) अस्पतालको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) अस्पतालको आन्तरिक लेखापरिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट हुनेछ।

(३) अस्पतालको अन्तिम लेखापरिक्षण महालेखा परिक्षक वा निजले तोकेको लेखापरिक्षकबाट हुनेछ।

(४) गाउँपालिकाले चाहेमा अस्पतालको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

(२१) **वार्षिक प्रतिवेदन पेश गर्ने :** अस्पतालले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुइ महिनाभित्र अस्पताल सञ्चालक समिति मार्फत् कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२२) **अधिकार प्रत्यायोजनः** समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२३) **निर्देशन दिनेः** गाउँकार्यपालिकाले समिति एवम् अस्पतालको कामकारबाहीका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु समिति एवम् अस्पतालको कर्तव्य हनेछ।

**(२४) निर्देशिका बनाउने अधिकार:**

(१) यस कार्यविधि कार्यान्वयनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाईएको निर्देशिका कार्यपालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**(२६) अस्पताल सञ्चालक समितिको गठन र काम,कर्तव्य र अधिकार:**

(१) अस्पताल सञ्चालनको लागि देहाय बमोजिमको अस्पताल समिती गठन गर्नुपर्नेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग. सामाजिक विकास समिति संयोजक | सदस्य |
| घ. अस्पताल रहेको वडाका वडाध्यक्ष | सदस्य |
| ङ . समाजसेवा वा चिकित्सा क्षेत्रमा ख्यातीप्राप्त व्यक्तिहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनीय गरेको एक जना | सदस्य |
| च. गाउँपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| छ. समाजसेवी,बुद्धिजीवीहरु मध्येबाट गाउँकार्यपालिकाले तोकेको कम्तिमा १ दलित महिला सहित २ जना | सदस्य |
| ज. प्रमुख प्रसाशकीय अधिकृत | सदस्य |
| झ . अस्पताल प्रमुख | सदस्य सचिव |

(३) समितिको मनोनीत सदस्यको पदावधि ३ बर्षको अथवा गाउँपालिकाले तोकेको अवधिसम्म हुनेछ

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा गाउँपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**(२७) अस्पताल सञ्चालक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क. सुव्यवस्थित ढंगले अस्पताल सञ्चालनको लागि आबश्यक नीतिगत कानुनी एवं संस्थागत व्यवस्थाको लागि उपयुक्त निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने ।

ख. मापदण्ड अनुसार भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार तथा उपकरणको व्यवस्था लगायतका कार्यहरु गर्न आबश्यक समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

ग. अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएको निर्देशनहरु र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

घ. अस्पतालको भौतिक, आर्थिक, सामाजिक एवम् संस्थागत वातावरणलाई स्वस्थ एवं स्वच्छ तुल्याउने ।

ङ. अस्पतालको सेवा प्रवाहमा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने ।

च. गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाका लागि आबश्यक अन्य कार्य गर्ने ।

**(२८) समितिको बैठक सम्बन्धी कार्यबिधिः**

(१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा तीन महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ|

(२) तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्न सक्नेछ|

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठककोलागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितीमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मयार्दाक्रमको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । तर, आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन्|

(७) समितिको निर्णय अध्यक्षले प्रमाणित गरी राख्नेछन् ।

(८) समितिले आबश्यक देखेमा कुनै बिशेषज्ञ वा सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) अस्पताल प्रमुखः अस्पतालको मेडिकल सुपरिटेण्डेन्टले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

**(२९) कर्मचारी सम्बन्धी व्यबस्थाः**

(१) अस्पतालमा दरबन्दी बमोजिम आबश्यक कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा १ बमोजिमका कर्मचारीहरुको नियुक्ति र पारिश्रमिक सम्बन्धि व्यबस्था गाउँपालिकाले तोकिए बमोजिम हुनेछ । कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुबिधा, अतिरिक्त समय, रात्रीकालिन सेवा तथा सट्टा बिदा प्रचलित कानुन बमोजिम तथा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ |

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिकाले आबश्यक ठानी अस्पतालमा आबश्यक संख्यामा कर्मचारी नियुक्ति नभएसम्म अस्पतालले गाउँकार्यपालिकाले खटाएको कर्मचारीलाई काममा लगाउनु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिए तापनि सञ्चालक समितिले गरेका नीतिगत कानुनी एवम संस्थागत महत्वपूर्ण निर्णय, कर्मचारी भर्ना, नियुक्ति,अवकाश सँग सम्बन्धीत बिषय गाउँकार्यपालिकाको सञ्चित कोषबाट व्ययभार हुने गरी भएका निर्णयहरु गाउँकार्यपालिकाबाट अनुमोदन भएपछि मात्र लागु हुनेछन् ।

(३०). **सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) सर्बसाधारणलाई उचित मुल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउने प्रयोजनको लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा अस्पतालले लिने सेवा शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(**३१**). **पूर्ण सरकारी हुनेः** बौदीकाली अस्पताल पूर्ण सरकारी अस्पताल हुनेछ । अस्पताल सञ्चालन र व्यवस्थापनको लागि आबश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक श्रोत लगायतको व्यवस्थापन गर्न गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समेत आबश्यक समन्वय, सहकार्य र परामर्श गर्नेछ ।

(३२) कार्यबिधि हेरफेर तथा संसोधनः गाउँकार्यपालिकाले उल्लेखित कार्यबिधिमा आबश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

(३३) व्याख्या गर्ने अधिकारः यस कार्यबिधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विबिधा उत्पन्न भई कार्यान्वयनमा बाधा आईपरेमा गाउँकार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

(३४). स्वतःअमान्य हुनेः यस कार्यबिधीमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानुनको कुनै व्यवस्था सँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

प्रमाणीकरण मिति : २०८२/०५/३१

आज्ञाले
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका